नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

शैक्षिक योजना तथा विकास महाशाखा

शिक्षक व्यवस्थापन समन्वय शाखा

सानोठिमी, भक्तपुर

प.सं.: २०७७/०७८/शि.व्य.
चलानी नं ६०

फोन : ६६३५११३
Section email : teachermgt.cehrd@gmail.com

मिति : २०७७।०९।०३

विषय : विद्यालय तहमा सञ्चार सञ्जालीकरण, कार्यविधि, २०७७ कार्यान्वयन सम्बन्धमा ।

श्री स्थानीय तह, सबै ।

श्री शिक्षा विकास तथा समन्वय इकाई, सबै ।

श्री सामुदायिक विद्यालय, सबै ।

प्रस्तुत विषयमा विद्यालय तहमा सञ्चार सञ्जालीकरण गरी शिक्षण सिकाइ प्रभावकारी बनाउने सम्बन्धमा विद्यालय तहमा सञ्चार सञ्जालीकरण कार्यविधि, २०७७ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७७।०८।१६ को मा. मन्त्रीस्तरीय निर्णयानुसार स्वीकृत भएको व्यहोरा अनुरोध छ । साथै कार्यविधि अनुरुप विद्यालय तहमा क्लोजर युजर ग्रुप निर्माण तथा कार्यान्वयनको लागि आवश्यक रकम स्थानीय तहमा पठाउने निर्णय भएकोले उक्त कार्यविधिमा उल्लेख भए अनुसारको विधि तथा प्रक्रियाको आधारमा विद्यालयमा सञ्चार सञ्जालीकरणको निर्माण तथा कार्यान्वयन गर्न, गराउनु हुन सबैमा जानकारीको लागि निर्देशानुसार अनुरोध छ ।

भुवनेश्वर जोशी

शाखा अधिकृत

Scanned with CamScanner

स्वीकृत मिति : २०७७।०८।१६

# विद्यालयमा सञ्चार सञ्जालीकरण कार्यविधि, २०७७

प्रस्तावना: कोभिड-१९ संक्रामक रोगको कारण अवरुद्ध रहेको प्रत्यक्ष शिक्षण सिकाइ सुचारु नभएसम्म विद्यालयको सञ्चार सञ्जालमा आवद्धता मार्फत शिक्षक र विद्यार्थी बीच नियमित अन्तरक्रिया गर्ने वातावारण सृजना गरी शिक्षण सिकाइलाई निरन्तरता दिन वाञ्छनीय भएकोले,

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "विद्यालयमा सञ्चार सञ्जालीकरण कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "इकाइ" भन्नाले शिक्षा विकास तथा समन्वय इकाइ सम्झनु पर्छ।

(ख) "केन्द्र" भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ।

(ङ) "विद्यालय" भन्नाले पूर्व प्राथमिक कक्षादेखि कक्षा बाह्रसम्म सञ्चालित सामुदायिक विद्यालय सम्झनु पर्छ।

(च) "स्थानीय तह" भन्नाले नगरपालिका वा गाउँपालिका सम्झनु पर्छ र सो शव्दले महानगरपालिका वा उपमहानगरपालिका समेतलाई जनाउँछ।

(छ) "सेवा प्रदायक" भन्नाले यस कार्यविधि बमोजिम विद्यालयमा सञ्चार तथा प्रविधि उपलब्ध गराउने निकाय सम्झनु पर्छ।

(ज) "क्लोजर युजर ग्रुप" भन्नाले शिक्षण सिकाइ प्रयोजनका लागि विद्यालयका शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावकका बीच हुने सञ्चारको सञ्जालीकरण सम्झनु पर्छ।

गोपीनाथ मैनाली
सचिव

३. <u>लाभान्वित समूह:</u> विद्यालयमा देहायका व्यक्ति लाभान्वित समूहमा रहनेछन्:-

(क) विद्यालयमा अध्ययनरत पूर्व प्राथमिक कक्षादेखि माध्यमिक तहको कक्षा बाह्रसम्म अध्ययनरत दफा ४ बमोजिमका वर्गिकरणमा परेका विद्यार्थी,

(ख) विद्यालयमा अध्यापन कार्यमा संलग्न रहेका शिक्षक,

(ग) एउटै परिवारका एक वा सो भन्दा बढी विद्यार्थी एउटै विद्यालयमा अध्ययनरत रहेको भए एक जना अभिभावक,

(घ) विद्यालयको सिफारिसमा स्थानीय तहले तोकेको शिक्षण सिकाइमा सहयोग पुऱ्याउने सम्बन्धित विद्यालयका स्रोत शिक्षक, लाइब्रेरियन र ल्याब ब्वाई, र

(ङ) केन्द्रले तोकेको अन्य पदाधिकारी ।

४. <u>विद्यार्थी वर्गीकरण:</u> विद्यालयले प्रविधिको प्रयोगको आधारमा विद्यार्थीलाई देहाय बमोजिम वर्गीकरण गर्नु पर्नेछ:-

(क) सबै किसिमको प्रविधिको पहुँच भन्दा बाहिर रहेका विद्यार्थी,

(ख) रेडियो, एफएम रेडियोमा पहुँच भएका विद्यार्थी,

(ग) टेलिभिजनमा पहुँच भएका विद्यार्थी,

(घ) कम्प्युटर भएको तर अनलाइनको कनेक्टिभिटि नभएका विद्यार्थी समूह र

(ङ) इन्टरनेट तथा सूचना सञ्चार प्रविधिका साधनमा पहुँच भएको विद्यार्थी समूह ।

५. <u>सञ्चार सञ्जाल निर्माण गर्नु पर्ने:</u> (१) विद्यालयले शिक्षण सिकाइ सहजीकरण गर्न, नियमित गृहकार्य दिन, परियोजना कार्य र परीक्षण गर्न, विद्यार्थीको अनुगमन गर्न, प्रश्नोत्तर गर्न, मूल्याङ्कन गर्न, निर्देशन तथा परामर्श दिने लगायतका कार्य गर्न कक्षागत शिक्षक विद्यार्थी, तहगत शिक्षक विद्यार्थी र विषयगत शिक्षक विद्यार्थीको सञ्चार सञ्जाल निर्माण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सञ्चार सञ्जालको लागि विद्यालयले सेवा प्रदायक निकायमा अनुसूची बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

६. <u>सिकाइमा सञ्चार सञ्जालको प्रयोग:</u> सिकाइ सहजीकरणको लागि सञ्चार सञ्जालको प्रयोग देहाय बमोजिम गर्नु पर्नेछ:-

(क) <u>सबै किसिमको पहुँचभन्दा बाहिर रहेका विद्यार्थी समूह:</u> पाठ्यपुस्तकमा उल्लेख गरिएका कठिन विषयवस्तुहरु शिक्षकलाई सोध्न, एसएमएस मार्फत् गृहकार्य दिन, विद्यार्थी विद्यार्थी बीच विषयवस्तुको बारेमा सञ्चार गर्न, शिक्षक विद्यार्थी

गोपीनाथ मैनाली
सचिव

बीच निरन्तर सम्पर्कमा रहन र विद्यार्थीको पठनपाठनको निरन्तर अनुगमन गर्न सञ्चार सञ्जालको प्रयोग गर्नु पर्नेछ।

(ख) रेडियो, एफएम रेडियोमा पहुँच भएका विद्यार्थी समूह: रेडियोमा प्रसारण हुने श्रव्य सामग्रीको तालिकाको सम्प्रेषण गर्न, नबुझेका विषयवस्तुको बारेमा शिक्षकलाई सोध्न, गृहकार्य दिन, शिक्षक विद्यार्थी निरन्तर सम्पर्कमा रहन र विद्यार्थीको अनुगमन गर्न सञ्चार सञ्जालको प्रयोग गर्नु पर्नेछ।

(ग) टेलिभिजनको पहुँच भएका विद्यार्थी समूह: टेलिभिजनमा प्रशारण हुने शिक्षण सिकाइ सामग्रीको तालिका सम्प्रेषण गर्न, विद्यार्थीसँग निरन्तर सम्पर्कमा रहन, नबुझेका विषवस्तुलाई स्पष्ट पार्न, टेलिभिजनको तालिका अनुसार शिक्षण सिकाइमा सामेल भए नभएको अनुगमन गर्न र गृहकार्य दिन सञ्चार सञ्जालको प्रयोग गर्नु पर्नेछ।

(घ) कम्प्युटर भएको तर अनलाइन सञ्जाल नभएको विद्यार्थी समूह: सञ्चार सञ्जालको प्रयोग गरी केन्द्रको सिकाइसँग सम्बन्धित वेवसाइटमा आवद्ध हुन, आवश्यक सामग्री डाउनलोड गर्न, अफलाइन समग्रीहरु विद्यार्थी समक्ष पठाउन, गृहकार्य दिन र सिकाइको निरन्तर अनुगमन गर्न सञ्चार सञ्जालको प्रयोग गर्नु पर्नेछ।

(ङ) इन्टरनेट तथा सुचना र प्रविधिमा पहुँच भएका विद्यार्थी समूह: कठिन विषयवस्तुको बारेमा जानकारी लिन, शिक्षक तथा विद्यार्थीहरु बीच निरन्तर सम्पर्कमा रहन, गृहकार्य पठाउन र प्राप्त गर्न सञ्चार सञ्जालको प्रयोग गर्नु पर्नेछ।

(च) प्रारम्भिक कक्षाका बालबालिका समूह: सहजकर्ता अभिभावकको लागि अभिभावकको छनौट गर्न, सिकाइ सामग्रीको बारेमा सहजकर्ता अभिभावकलाई जानकारी दिन, अभिमुखीकरण गर्न, सिकाइमा सहजीकरणको लागि सहयोग गर्न र बालबालिकाको गतिविधिको बारेमा सहजकर्ता अभिभावकबाट जानकारी प्राप्त गर्न सञ्चार सञ्जालको प्रयोग गर्नु पर्नेछ।

७. सञ्चार सञ्जाल प्रयोग सम्बन्धी अन्य व्यवस्था: दफा ६ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कार्य गर्न सञ्चार सञ्जालको प्रयोग गर्न सकिनेछ:-

गोपीनाथ मैनाली
सचिव

(क) कक्षागत तथा विषयगत शिक्षक विद्यार्थी बीच एकीकृत सञ्जाल निर्माण गरी इन्टरनेटको माध्यमबाट शिक्षकले निश्चित पहिचान नम्बर र कोडको प्रयोग गरी एकैपटक आफ्ना विद्यार्थीलाई गृहकार्य तथा कक्षा कार्य पठाउन तथा सोही पद्धतिको उपयोग गरी गृहकार्यको परीक्षण गर्ने व्यवस्था गर्न,

(ख) अभिभावक सञ्जाल निर्माण गरी निरन्तर विद्यार्थीको सिकाइ गतिविधिको बारेमा जानकारी लिन, र

(ग) सञ्चार सञ्जालमा उपलब्ध गराइएको इन्टरनेट सुविधा मार्फत् केन्द्रले उपलब्ध गराएको वेव पोर्टलको प्रयोग गरी सामग्री प्राप्त गर्न ।

८. प्राथमिकता दिनु पर्ने: शिक्षण सिकाइमा सञ्चार सञ्जालको उपयोग गर्दा छात्रा, अपाङ्गता भएका, अति विपन्न र सिमान्तकृत समूहमा परेका बालबालिकाको सिकाइलाई प्राथमिकता दिनु पर्नेछ ।

९. कार्यक्रम कार्यान्वयन प्रक्रिया: कार्यक्रम कार्यान्वयनको प्रक्रिया देहाय बमोजिम हुनेछ:-

(क) इकाइले स्थानीय तहसँगको समन्वयमा निश्चित समय तोकी अनुसूची बमोजिमको सूचना जारी गर्ने र सूचना अनुसारको विवरण विद्यालयले आफ्नो क्षेत्रको स्थानीय तहमा बुझाउने व्यवस्था मिलाउने,

(ख) खण्ड (क) बमोजिम प्राप्त निवेदन उपर स्थानीय तहले छानविन गरी विवरण यकीन गर्ने र दफा ४ बमोजिमको क्लोजर युजर ग्रुप प्रयोगकर्ताको नामनामेसी सहितको विवरण तोकिएको सेवा प्रदायक संस्थालाई प्रदान गर्ने व्यवस्था मिलाउने,

(ग) स्थानीय तहले सेवा प्रदायकबाट प्राप्त क्लोजर युजर ग्रुप सम्बन्धी विवरण तथा सूचना सम्बन्धित विद्यालय तहसम्म पुऱ्याउने व्यवस्था मिलाउने,

(घ) क्लोजर युजर ग्रुपको प्रयोग सम्वन्धमा स्थानीय तहले विद्यालयलाई आवश्यक समन्वय र सहजीकरण गर्ने ।

१०. स्थानीय तहको भूमिका: सञ्चार सञ्जाल प्रयोगको सम्बन्धमा स्थानीय तहको भूमिका देहाय बमोजिम हुनेछ:-

(क) इकाइले मागको ढाँचामा सम्बन्धित विद्यालयले पेश गरेको निवेदन अनुसार विद्यालयका लाभावित्त वर्गहरु समेटिएको सुनिश्चित गरी सेवा प्राप्तीको लागि सेवा प्रदायकलाई सिफारिस गर्ने,

गोपीनाथ मैनाली
सचिव

(ख) विद्यालयका विद्यार्थी, शिक्षक, अभिभावक र कर्मचारीसँग सम्बन्धित सेवा प्रदायकको सिमकार्ड नभएमा सेवा प्रदायकसँग समन्वय गरी नि:शुल्क सिमकार्ड उपलब्ध गराउन सहजीकरण गर्ने,

(ग) विद्यालयलाई क्लोजर युजर ग्रुपको प्रयोगको लागि सहजीकरण गर्ने,

(घ) क्लोजर युजर ग्रुपको लागि केन्द्रबाट निकासा भएको रकम विद्यालयमा निकासा दिने व्यवस्था मिलाउने,

(ङ) क्लोजर युजर ग्रुपको लागि सेवा प्रदायकलाई आवश्यक रकम समयमै भुक्तानी भए नभएको अनुगमन गरी समयमा भुक्तानीको लागि आवश्यक व्यवस्था मिलाउने,

(च) विद्यालयमा क्लोजर युजर ग्रुपको प्रयोगका सम्बन्धमा अनुगमन गरी निर्देशन दिने,

(छ) विद्यालयले प्राप्त गरेको सुविधाको दुरुपयोग गरेमा वा दिएको निर्देशन अटेर गरेको प्रमाणित भएमा उक्त सेवाको लागि दिएको रकम रोक्का गर्ने,

(ज) प्रत्यक्ष शिक्षण सिकाइ शुरुवात भएको विद्यालयमा क्लोजर युजर ग्रुप सेवाको लागि रकम निकासा नदिने ।

११. विद्यालयको भूमिका: सञ्चार सञ्जाल प्रयोगको सम्बन्धमा विद्यालयको भूमिका देहाय बमोजिम हुनेछ:-

(क) विद्यालयमा क्लोजर युजर ग्रुपमा आवद्ध हुने तथा नि:शुल्क सिमकार्ड उपलब्ध गराउनु पर्ने विद्यार्थी, अभिभावक, शिक्षक र कर्मचारीको संख्या यकीन गर्ने,

(ख) नि:शुल्क सिमकार्डको लागि स्थानीय तह तथा सेवा प्रदायकले तोकेको विवरण सहित आवेदन फाराम भरी स्थानीय तहमा निवेदन पेश गर्ने,

(ग) सेवा प्रदायकबाट सिमकार्ड प्राप्त गरी विद्यार्थी, अभिभावक, शिक्षक र कर्मचारीलाई उपलब्ध गराउने,

(घ) विद्यालय क्लोजर युजर ग्रुपमा आबद्ध हुने विद्यार्थी, अभिभावक, शिक्षक र कर्मचारीको संख्या यकीन गर्ने,

(ङ) इकाइले तोकेको समय र ढाँचामा क्लोजर युजर ग्रुप सेवाको लागि स्थानीय तहमा निवेदन पेश गर्ने,

गोपीनाथ मैनाली
सचिव

(च) इकाइ तथा स्थानीय तहबाट प्राप्त निर्देशानुसार क्लोजर युजर ग्रुपको व्यवस्था गरी शिक्षण सिकाइ सुधारु गर्ने,

(छ) स्थानीय तहबाट क्लोजर युजर ग्रुपको लागि निकासा भएको रकम सोही शीर्षकमा मात्र खर्च गर्ने,

(ज) स्थानीय तह र इकाइको निर्देशन बमोजिम अन्य कार्य गर्ने ।

१२. <u>सेवा प्रदायकको भूमिका:</u> सञ्चार सञ्जाल प्रयोगको सम्बन्धमासेवा प्रदायकको भूमिका देहाय बमोजिम हुनेछ:-

(क) मन्त्रालयसँगको समझदारी पत्र बमोजिम गुणस्तर र सुविधा उपलब्ध गराउनु पर्ने,

(ख) सेवा प्रदायकले आफू मातहतको जिल्ला तथा स्थानीय शाखाहरुलाई क्लोजर युजर ग्रुप उपलब्ध गराउन आवश्यक सहयोग र सहजीकरण गर्न निर्देशन दिने,

(ग) विद्यालय क्लोजर युजर ग्रुपमा आवद्ध हुने विद्यार्थी, अभिभावक, शिक्षक र कर्मचारीसंग सिमकार्ड नभएको अवस्थामा माग बमोजिम सेवा प्रदायकले निःशुल्क सिमकार्ड उपलब्ध गराउनु पर्ने,

(घ) सेवा प्रदायकले आफू मातहतको सेवा प्रदायकलाई तोकिएको क्लोजर युजर ग्रुप सेवा सहजीकरणको लागि आवश्यकता अनुसार विद्यालयमा जान निर्देशन दिने ।

१३. <u>अभिभावकको भूमिका:</u> सञ्चार सञ्जाल प्रयोगको सम्बन्धमा अभिभावकको भूमिका देहाय बमोजिम हुनेछ:-

(क) घरको मुख्य व्यक्ति वा परिवारका सदस्य मध्ये माथिल्लो तहको शैक्षिक योग्यता भएको र घरमा विद्यार्थी सिकाइ सहजीकरण र समन्वय गर्न सक्ने परिवारको एक जना सदस्यलाई सहजकर्ता अभिभावक छनौट गरी सोको जानकारी विद्यालयलाई दिने,

(ख) उपलब्ध गराइएको क्लोजर युजर ग्रुपको सुविधा विद्यार्थीले प्रयोग गर्न सक्ने वातावरण मिलाउने,

(ग) क्लोजर युजर ग्रुप सुविधा बालबालिकाले दुरुपयोग गरे नगरेको बारेमा सचेत हुने,

(घ) विद्यालय तथा शिक्षकले दिएका सुझाव तथा निर्देशनलाई विद्यार्थीले पालना गरेको छ वा छैन मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ सुधार गर्न सहयोग गर्ने,

गोपीनाथ मैनाली
सचिव

(ङ) विद्यार्थीको सिकाइ अवस्थाको बारेमा समय समयमा सम्बन्धित कक्षा शिक्षक तथा प्रधानाध्यापकलाई जानकारी दिने ।

१४. इकाइको भूमिका: सञ्चार सञ्जाल प्रयोगको सम्बन्धमा इकाइको भूमिका देहाय बमोजिम हुनेछ:-

(क) क्लोजर युजर ग्रुपको लागि जिल्लाभित्रका विद्यालयबाट निवेदन माग गर्न आवश्यक व्यवस्था मिलाउने,

(ख) सेवा प्रदायकसँग समन्वय र सहजीकरण गर्ने,

(ग) विद्यालयमा निःशुल्क सिमकार्ड र क्लोजर युजर ग्रुप निर्माणको लागि जिल्लाभित्रका दूर सञ्चार सेवा प्रदायकसँग सहयोग र समन्वय गर्ने,

(घ) क्लोजर युजर ग्रुप मार्फत विद्यालयमा शिक्षण सिकाइ सूचारु राख्न विद्यालयगत क्लोजर युजर ग्रुप निर्माणको लागि विद्यालयलाई सहयोग गर्ने,

(ङ) सेवा प्रदायकलाई सम्झौता आवश्यक रकम भुक्तानीको लागि विद्यालय र स्थानीय निकायसँग समन्वय गर्ने,

(च) केन्द्रले तोके बमोजिमको अन्य कार्य गर्ने ।

१५. केन्द्रको भूमिका: सञ्चार सञ्जाल प्रयोगको सम्बन्धमा केन्द्रको भूमिका देहाय बमोजिम हुनेछ:-

(क) मन्त्रालयको सहयोगमा क्लोजर युजर ग्रुपको लागि आवश्यक बजेटको व्यवस्था मिलाउने,

(ख) क्लोजर युजर ग्रुपको कार्यान्वयनको लागि इकाइलाई आवश्यक सहयोग, समन्वय र निर्देशन दिने,

(ग) मन्त्रालयको निर्देशानुसार क्लोजर युजर ग्रुपको लागि सेवा प्रदायकसँग सम्झौता गर्ने,

(घ) क्लोजर युजर ग्रुप सेवाको प्रभावकारीता अनुगमन र मुल्याङ्कन गरी प्रतिवेदन मन्त्रालयमा पेश गर्ने,

(ङ) मन्त्रालयले तोके बमोजिमको अन्य कार्य गर्ने वा गराउने ।

१६. मन्त्रालयको भूमिका: सञ्चार सञ्जाल प्रयोगको सम्बन्धमा मन्त्रालयको भूमिका देहाय बमोजिम हुनेछ:-

गोपीनाथ मैनाली
सचिव

(क) नेपाल सरकार, सञ्चार तथा सूचना मन्त्रालय मार्फत् दूरसञ्चार प्राधिकरणसँग समन्वय गर्ने,

(ख) सेवा प्रदायक निकायसँग क्लोजर युजर ग्रुपको लागि आवश्यक समन्वय गर्ने,

(ग) सेवा प्रदायकसँग समझदारी वा सम्झौता गर्ने वा गर्न लगाउने,

(घ) क्लोजर युजर ग्रुपको लागि आवश्यक बजेट व्यवस्थापन गरी स्थानीय तहमा वित्तीय हस्तानान्तरण व्यवस्था मिलाउने,

(ङ) केन्द्र र इकाइलाई आवश्यक सहजीकरण तथा निर्देशन दिने ।

१७. <u>सुविधा निशुल्क हुने:</u> क्लोजर युजर ग्रुपमा आवद्ध सदस्यले सञ्जालभित्र सञ्चार सम्पर्क गर्दा वा दफा १९ बमोजिमको सुविधा नि:शुल्क रुपमा प्राप्त गर्नेछ ।

१८. <u>विद्यालयले रकम भुक्तानी दिनु पर्ने:</u> विद्यालयले क्लोजर युजर ग्रुप सेवाको लागि स्थानीय तहबाट उपलब्ध भएको रकम सोही प्रयोजनका लागि मात्र भुक्तानी दिनु पर्नेछ ।

१९. <u>उपलब्ध सुविधा:</u> क्लोजर युजर ग्रुपभित्र हरेक महिना पाँच जीवी डाटा सहित देहाय बमोजिमको सुविधा नि:शुल्क उपलब्ध हुनेछ:-

(क) वेव पोर्टल लर्निङ डट सिइएचआरडि डट इडियु डट एनपीमा उपलब्ध भएका शैक्षिक सामाग्री अध्ययन तथा डाउनलोड गर्न,

(ख) विद्यालयको क्लोजर युजर ग्रुपमा आवद्ध नम्बरहरुभित्र आपसमा असिमित फोन कल गर्न, र

(ग) क्लोजर युजर ग्रुपमा समावेश भएका आवद्ध नम्बरहरुमा केन्द्रबाट पठाउनु पर्ने सूचना जानकारी बल्क एसएमएस मार्फत् पठाउन ।

२०. <u>उपलब्ध सेवा कटौती हुने:</u> (१) मन्त्रालयले देशभर वा कुनै निश्चित भुगोलका विद्यालयमा प्रत्यक्ष रुपमा शिक्षण सिकाइ प्रारम्भ भएपछि क्लोजर युजर ग्रुप सेवाका लागि उपलब्ध गराउने रकम आंशिक वा पूर्ण रुपमा कटौती गर्न सक्नेछ ।

(२) स्थानीय तहले आफ्नो क्षेत्रभित्रका सम्पूर्ण विद्यालय वा कुनै विद्यालयमा प्रत्यक्ष शिक्षण सिकाइ प्रारम्भ भएपछि त्यस्तो विद्यालयमा क्लोजर युजर ग्रुप सेवा आंशिक वा पूर्ण रुपमा कटौती गर्न सक्नेछ ।

२१. <u>क्लोजर युजर ग्रुप विद्यालयगत हुने:</u> क्लोजर युजर ग्रुपको सुविधा विद्यालयगत हुनेछ । स्थानीय तह वा जिल्लाभित्रको एउटै क्लोजर युजर ग्रुप बनाउन पाइने छैन ।

गोपीनाथ मैनाली
सचिव

२२. गोपनीयता राख्नु पर्नेः सूचना सङ्कलन गर्ने विद्यालय, स्थानीय तह र सेवा प्रदायकले व्यक्ति तथा सूचनाको प्रचलित कानून बमोजिम गोपनीयता राख्नु पर्नेछ र मन्त्रालयको स्वीकृति विना तथ्याङ्क तथा सूचना अन्यत्र प्रयोग गर्न पाइने छैन ।

२३. गुनासो व्यवस्थापन सम्बन्धी व्यवस्थाः केन्द्रले क्लोजर युजर ग्रुपमा हुने क्रियाकलापबाट कुनै किसिमको उत्पिडन वा गुनासोका घटनाहरुको जानकारी प्राप्त गर्ने र सोको व्यवस्थापन गर्नेछ ।

२४. बाँझिएमा अमान्य हुनेः यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानुनसँग बाँझिएमा बाँझिएको हदसम्म अमान्य हुनेछ ।

गोपीनाथ मैनाली
सचिव

अनुसूची
(दफा ५ उपदफा (२) सँग सम्बन्धित)

## विद्यालयले स्थानीय तहमा पेश गर्ने निवेदनको ढाँचा

विद्यालयको नाम :

ठेगाना :

स्थानीय तहको नाम : वडा नं.:

जिल्ला : प्रदेश :

सञ्चालित कक्षा :

जम्मा विद्यार्थी संख्या छात्र : छात्रा :

जम्मा शिक्षक संख्या:

जम्मा अभिभावक संख्या:

जम्मा कर्मचारी संख्या:

दुरसञ्चारको उपलब्ध सेवाहरुमा गोलो घेरा लगाउनुहोस्:

(क) नेपाल टेलिकम (ख) एनसेल (ग) स्मार्टफोन (घ) अन्य

तलका विवरण बुझिने गरी भर्नुहोस :

| क.स. | विद्यार्थी/शिक्षक/कर्मचारी/अभिभावकको नाम | विद्यार्थी/शिक्षक/कर्मचारी/अभिभावक | कक्षा( अभिभावक भए विद्यार्थीको कक्षा उल्लेख गर्नुहोस) | अभिभावकको नाम ( कोलम २ मा विद्यार्थीको नाम भए यहाँ विद्यार्थीको अभिभावकको नाम लेख्ने) | मोवाइल नम्वर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

माथि लेखिएको विवरण ठिक साँचो हो कानून बमोजिम झुठा ठहरे सहुँला बुझाउला ।

प्रधानाध्यापकको नाम: विद्यालयको छाप:

दस्तखत:

मिति:

गोपीनाथ मैनाली
सचिव